घरबाहिर निस्कनै परे मास्कको अनिवार्य प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ पुस २२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 06 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३१

## आर्थिक चलखेलमा निरोगिता प्रमाणपत्र

राधेश्याम पटेल, वीरगंज, २१ पुस/

यातायात व्यवस्था कार्यालय, वीरगंज



यातायात व्यवस्था कार्यालय, वीरगंज लाइसेन्स शाखा

लाइसेन्स शाखामा निरोगिता प्रमाणपत्र जारी गर्दा अनियमितता भइरहेको छ।

चार वर्षदेखि एकैजना चिकित्सकलाई निरोगिता प्रमाणपत्रको जिम्मेवारी दिंदै आएकोले यसमा आर्थिक चलखेल पनि भइरहेको स्रोतले दाबी गरेको छ। २०७४ सालमा यातायात व्यवस्था कार्यालय, लाइसेन्स शाखाले निरोगिता प्रमाणपत्रको लागि डा अम्बेडकर यादवसँग सम्झौता गरेको थियो। रु एक सय निरोगिता प्रमाणपत्र शुल्क र पचास रुपैयाँ रगत समूहबापत तोकिएको छ।

डा यादव अहिले चन्द्रपुरमा अस्पताल सञ्चालन गरेका छन्। उनको उपस्थिति यातायात कार्यालयमा छैन। उनले खटाएका डा रामएकबालराय यादव र



प्रमाणपत्र दिंदै डा रामएकबालराय यादव र डा रमेश महतो। तस्वीरः प्रतीक

डा रमेश महतोले निरोगिता प्रमाणपत्र र रगत समूह छुट्याउने काम गर्दै आएका छन्। डा यादव आइतवारदेखि बुधवारसम्म र डा महतो बिहीवार–शुक्रवार गरी दुई दिन खट्ने गरेका छन्। निरोगिता प्रमाणपत्र, सवारी चालक



निरोगिताको प्रमाणपत्र लिनेहरूको भीड

अनुमतिपत्र, नवीकरण, थप र नयाँ जारी गर्दा आवश्यक पर्छ। दैनिक चार सयभन्दा बढी सेवाग्राहीले निरोगिता प्रमाणपत्र लिने गरेको तथ्याङ्क छ। प्रतिव्यक्ति रु एक सयको दरले दिनको आम्दानी रु ४० हजार निरोगिता प्रमाणपत्र र रु २० हजार रगत समूहबाट हुँदै आएको छ। तर यो रकम यातायात कार्यालयको खातामा जाँदैन। चिकित्सक, कर्मचारी र बिचौलियाबीच दैनिक रु ६० हजार बाँडफाँड हुने गरेको छ। चन्द्रपुरको अस्पतालमा कार्यरत चिकित्सकलाई नै निरोगिता प्रमाणपत्र, रक्त समूह छुट्याउने जिम्मेवारी दिनुले कर्मचारीको मिलेमतो देखिन्छ। सामान्य सेवाग्राहीको लागि बिहान १० देखि ३ बजेसम्म निर्धारण छ भने त्यसपछिको समय बिचौलियाहरूको हुन्छ। खासगरी लेखापढी व्यवसायमा लागेकाहरूले यो समयको उपयोग गर्छन्। कार्यालयमैं उपस्थित भएर निरोगिता प्रमाणपत्र लिनेहरूभन्दा बाहिर भएर पनि निरोगिता प्रमाणपत्र लिनेहरूको सङ्ख्या बढी हुने गरेको र त्यसबाट थप आम्दानी भइरहेको स्रोतले जनाएको छ। वार्षिक करोडभन्दा बढी रुपैयाँको चलखेल भइरहेको छ।

कार्यालय प्रमुख सुशीलकुमार साहले डा यादवबाहेक अन्यले सोभन्दा कम दरमा सेवा दिने हो भने अन्यसँग सम्झौता हुन सक्ने बताए। उनले सेवाग्राहीलाई आर्थिक भार नपरोस् भनेर चिकित्सकको व्यवस्था गरिएको बताए। सम्झौता भएका चिकित्सकले आफू अनुपस्थित हुँदा अन्य चिकित्सकलाई यो कार्यमा खटाउन पाउने भएकाले हाल दुईजना चिकित्सक सम्झौताबाहेक खटिरहेको उनको स्पष्टोक्ति छ।

## चीसोमा भुइँमा बसेर पढ्न बाध्य छन् आदर्शचोकका विद्यार्थीहरू

प्रस, वीरगंज, २१ पुस/

वीरगंज महानगरपालिकामा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालय



तस्वीरः प्रतीक

श्रीसिया आदर्शचोकमा अध्ययनरत विद्यार्थीहरू चीसोमा पनि भुइँमा बसेर पढ्न बाध्य छन्।

वीरगंज–२५ मा रहेको यो विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म अध्ययन हुन्छ। कुल विद्यार्थी २०८ जना रहेको यो विद्यालयमा कक्षा ५ मा पाँचवटा टेबुल र कुर्सी मात्र छ। बाँकी कक्षामा प्लास्टिक, बोरा बिछ्याएर विद्यार्थीहरू अध्ययन गर्दै आएका छन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पन्नालाल साह तुराहाले वीरगंज महानगरको शैक्षिण प्रशासन महाशाखा र वडा समिति कार्यालयलाई चार वर्षदेखि कुर्सी, टेबुलको व्यवस्था गर्न आग्रह गर्दै आइरहेको तर सुनवाइ नभएको बताए। उनले श्रीसिया सुक्खा बन्दरगाह र आइसिपीको बीचमा विद्यालय रहेको र कुनै पनि बेला जग्गा अधिग्रहणमा परी अन्य स्कूलमा मर्ज हुने सम्भावना हुने बताउँदै वडाध्यक्ष र महानगरले फर्निचरको व्यवस्था नगरेको बताए। चार वर्षदेखि टेबुल कुर्सीको अभावमा यो विद्यालयका बालबालिकाहरू भुइँमा बसेर अध्ययन गर्न बाध्य छन्। चीसोको बेलामा घाम लागेपछि कक्षाकोठाबाहिर चौरमा बोरा बिछ्याएर उनीहरू पढ्छन् भने अन्य बेलामा मौसम अनुरूप कहिले बाहिर र कहिले भित्र पढ्दै आएका छन्।

## तेह्र दिनमा सत्रजना सङ्क्रमित

## पन्ध्रजनाले दोस्रो मात्राको खोप लिएका थिए

राधेश्याम पटेल, वीरगंज, २१ पुस/

पुसको पहिलो सातादेखि रक्सौल–वीरगंजको शङ्कराचार्यद्वारमा राखिएको



स्वास्थ्य केन्द्रमा डा अनिशा महतोलगायत। तस्वीरः प्रतीक

स्वास्थ्य चौकीमा तेह्र दिनमा सत्रजना कोरोना पोजिटिभ पुष्टि भएको डा अनिशा महतोले बताइन्।

उनले पुस ८ देखि २० गतेसम्म एकजना चौध वर्षीय बालक, १६ वर्षीया किशोरी र १५ जना वयस्क गरी सत्रजना सङ्क्रमित पुष्टि भएको बताइन्। सङ्क्रमित पुष्टि हुनेहरूमा दुईजना नेपाली र पन्ध्रजना भारतीय छन्।

सङ्क्रमित दुईजना नेपाली काठमाडौं निवासी हुन् र उनीहरू रोजगारको सिलसिलामा भारत गएका थिए। एन्टिजेन परीक्षणबाट सङ्क्रमित पुष्टि भएका पन्ध्रजनालाई भारत फिर्ता पठाइएको र दुईजना नेपालीलाई स्थानीय प्रशासनको जिम्मा लगाइएको छ। सङ्क्रमित पुष्टि हुने सत्रमध्ये दुई बालबालिकाबाहेक पन्ध्रजनाले दोस्रो मात्राको कोरोनाविरुद्धको खोप लिएका थिए।

दुवै मात्राको खोप लिएका पन्ध्रजनालाई एन्टिजेनबाट पोजिटिभ देखिए पनि उनीहरूमा कोरोनाको लक्षण भने देखा परेको छैन।

यसैगरी, यो नाका भएर भित्रिने कसैमा पनि ओमिक्रोनको लक्षण फेला



शङ्कराचार्यद्वारनजीकै खटेका स्वास्थ्यकर्मी र सुरक्षाकर्मी।

नपरेको डा महतोले बताइन्। दशजना सङ्क्रमितको थप स्वाब परीक्षणका लागि काठमाडौंको टेकु प्रयोगशालामा पठाइएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको उनले बताइन्।

क्रिसमस, नयाँ वर्ष २०२२ मनाउन थुप्रै भारतीय नेपाल आएका र उनीहरूको परीक्षण गर्दा सत्रजना सङ्क्रमित पुष्टि भएका छन्। भारतका विभिन्न स्थानमा ओमिक्रोन सङ्क्रमितहरू बढेसँगै लकडाउन हुँदै गरेको कारण त्यहाँ रोजगारका सिलसिलामा गएका नेपालीहरू अहिले फर्किने क्रम बढेको छ। अहिले यो चौकीबाट दैनिक सयदेखि एक सय पचासजनाको एन्टिजेन परीक्षण भइरहेको डा महतोले बताइन्।

२०७८ जेठदेखि पुसको पहिलो सातासम्म एन्टिजेन परीक्षणबाट एकजना पनि सङ्क्रमित पुष्टि भएका छैनन्। तर अहिले आएर लगातार एन्टिजेनबाट सङ्क्रमित पुष्टि हुनुले खतरा बढेको उनको भनाइ छ।

चौकीमा हाल कार्यरत चौधजना कर्मचारीहरू अपुग भएकाले कर्मचारी थप्नुपर्ने डा महतोले बताइन्। यात्रीहरूको चाप र सङ्क्रमितहरू बढ्ने क्रम देखिएकाले जनशक्ति बढाएर परीक्षण पनि बढाउनुपर्ने उनको भनाइ छ।

## फरक क्षमताका बालबालिकाको लागि छात्रावासको उद्घाटन

प्रस, वीरगंज, २१ पुस/

फरक क्षमताका बालबालिकाहरूको लागि महानगरले जस्तोसुकै समस्यामा पनि साथ दिने नगरप्रमुख विजयकुमार सरावगीले प्रतिबद्धता जाहेर गरेका छन्।

वीरगंज महानगरपालिकाको आर्थिक सहयोगमा वडा नं १३ राधेमाईमा अपाङ्गताहरूको लागि सञ्चालित छात्रावास भवनको उद्घाटन गर्दै बुधवार नगरप्रमुख सरावगीले सो कुरा बताएका हुन्।

उनले शारीरिकरूपमा फरक क्षमता भएपनि अपाङ्गहरूमा सपाङ्गसरहको मानसिक क्षमता हुने भएकोले फरक क्षमता भएका व्यक्तिलाई समाजले हौसला प्रदान गर्नुपर्ने सुझाव दिए।

नगरप्रमुख सरावगीले पहिलो चरणमा श्रवणशक्ति गुमाएकाहरूको लागि विद्यालय सञ्चालन गरिएको र आगामी दिनमा पूर्ण अपाङ्गमैत्री वातावरणमा शिक्षण सिकाइको व्यवस्था गरिने प्रतिबद्धता पनि जाहेर गरे। उनले यसका लागि महानगरपालिकाले आगामी आवमा छुट्टै बजेटको व्यवस्था गर्ने आश्वासन पनि दिए।



भवनको उद्घाटन गर्दै नगरप्रमुख सरावगी। तस्वीरः सौजन्य

पन्ध्र लाखको लागतमा नगरस्तरीय योजना अन्तर्गतको निर्माण भएको हो।

पाँचजना श्रवणशक्ति गुमाएका विद्यार्थीहरूबाट पठनपाठन शुरू भएको र अहिले विद्यालयमा पचासजना अध्ययन गरिरहेको बताइएको छ। छात्रावास निर्माणपछि विद्यार्थीहरू बढ्ने अनुमान गरिएको छ। फरक क्षमता भएका विद्यार्थीहरूको लागि सञ्चालित विद्यालयमा खान, बस्न सुविधा नहुँदा बाहिरका विद्यार्थीहरू आउन नसकेको र छात्रावासको व्यवस्था भएपछि विद्यार्थीहरू बढ्ने नगरप्रमुख सरावगीले बताए।

## विचारसार एवं सूक्तिहरू

उदास रहन्छौ कसैले सञ्चो–विसञ्चो पनि सोध्दैन, खुशी रहन्छौ भने दुनियाँले कारण सोध्छ ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## सामाजिक सुरक्षा भत्तामा विलम्ब

**समयमा सामाजिक सुरक्षा भत्ता नपाएपछि महोत्तरी जिल्लाको गौशाला नगरपालिका वडा नं ११ का ज्येष्ठ नागरिकहरू आन्दोलित बनेका छन् । उनीहरूले आफ्नो वडाको कार्यालयमा तालाबन्दी गरेर नाराबाजी गरे । धार्मिक, कानूनी, सामाजिक एवं पारिवारिक जुनसुकै कोणबाट हेर्दा पनि ज्येष्ठ नागरिकहरू पूजनीय हुन्छन् । पूरै जिन्दगी घर, परिवार, समाज तथा राष्ट्रका लागि समर्पण गरेका उनीहरू अनुभव, ज्ञान, उपदेश, आशीर्वादका भण्डार हुन् । भनिन्छ, 'ज्येष्ठ नागरिकविनाको घर वा समाज घ्यूविनाको मोही जस्तै हो ।' ज्येष्ठ नागरिक समाजका गहना हुन् । यो बुझाउनुपर्ने कुरा होइन, विश्वले बुझिसकेको कुरा हो । ज्येष्ठ नागरिकको संरक्षण तथा हकहित र अधिकारका लागि अन्तर्राष्ट्रियस्तरमा सन्धि, महासन्धि तथा प्रतिबद्धताहरू जाहेर भएका छन् । त्यसलाई कार्यान्वयनको क्रममा अधिकांश मुलुक हामीभन्दा अगाडि छन् । यस क्रममा हाम्रो मुलुकमा पनि ज्येष्ठ नागरिकका लागि सरकारले सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमालगायत व्यवस्था गरेको छ । ज्येष्ठ नागरिकको नाममा सरकारले जति पनि सेवा, सुविधा तथा सहुलियत प्रदान गरेको छ, त्यो दया–माया नभई उनीहरूको अधिकार हो ।**

**६० वर्ष उमेर पार गरेका नागरिकलाई ज्येष्ठ नागरिक तथा पाका नागरिक मानिए पनि हाम्रो मुलुकमा ज्येष्ठ नागरिक भत्ता सामान्य अवस्थामा ७० वर्षभन्दा माथिकालाई मात्र प्रदान गरिन्छ । यस उमेर समूहका नागरिकको स्वास्थ्य र सामर्थ्य पनि क्रमशः कमजोर हुँदै जाने हुँदा उनीहरूको संरक्षण राज्य, समाज र परिवारको अनिवार्य दायित्व हो । अवकाश जिन्दगीमा नोकरी वा व्यवसाय आफ्नो हातमा हुँदैन । सन्तान भएकाहरूको पनि छोराछोरीको विवाह भइसकेपछि नजीकै भएपनि टाढिएका हुन्छन् । कतिपय विदेशिएका सन्तान र बुबा–आमाबीचको दूरी पट्यारलाग्दो हुन्छ । जसले उमेर छउन्जेल कमायो, लालाबालाको भरणपोषणमा नै बित्यो, बुढेसकालका लागि पेन्सन वा बैंक ब्यालेन्स छैन भने उसको जीवन झन् कष्टकर हुन्छ । यो अवस्थामा राज्यबाट पाउने सामाजिक सुरक्षा भत्ता ठूलो राहत हो । सुरक्षा भत्ता नपाए नियमित औषधि खान नसक्ने, स्वास्थ्य संस्थासम्म पुग्ने खर्च समेत नहुने अवस्थाका ज्येष्ठ नागरिकहरू छन् । सामाजिक सुरक्षा भत्ताबाटै रासन किनेर खानुपर्ने ज्येष्ठ नागरिक धेरै छन् ।**

**सरकारले विगतमा चौमासिकरूपमा भत्ता उपलब्ध गराउँदै आएको भए तापनि भत्ता रकम वृद्धिसँगै चालू आर्थिक वर्षदेखि त्रैमासिकरूपमा सामाजिक सुरक्षा भत्ता रकम पठाउने गरेको छ । विलम्ब हुँदा ज्येष्ठ नागरिकलाई समस्या हुने देखिएकाले एक महीना घटाएर त्रैमासिक गरिएको हो । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको सुविधामा विलम्ब नहोस् भन्ने सङ्घ सरकारको मर्मविपरीत गौशालाका ज्येष्ठ नागरिकलाई दुई त्रैमासिक अर्थात् छ महीनासम्म भत्ता दिइएको छैन । दशैं, तिहार, छठलगायतका महत्त्वपूर्ण पर्वहरू भत्ता पाउने आसमैं बिते । मुटु कपाउने चीसो शीतलहर शुरू भएको छ, अझै पनि उनीहरूले भत्ता पाएका छैनन् । वडाले बैंकको दोष देखाउँछ, बैंकले वडाको दोष देखाउँछ । बैंकमा रकम गएर पनि विलम्ब गरेको हो भने ब्याज कमाउने उसको चाल हुन सक्छ । यदि वडाले नै विलम्ब गरेको हो भने जनप्रतिनिधि निकम्मा हुन् । वास्तविकता के हो ? सत्यतथ्य उजागर गरी दोषीलाई कारबाईको भागीदार बनाइनुपर्छ ।**

# समानताको दृष्टिकोण स्थापित हुने दिशामा

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**महिला उपप्रमुखले गरेको निर्णय लागू नहुने होइन, तर उनीहरूलाई निर्णय गर्न सक्षम बनाउने दिशामा समाज पछाडि परेको छ । महिलालाई जानीजानी पछाडि पारिएको छ । हेरौं न, कुनै पनि जिल्ला वा कुनै पनि पालिकामा महिला प्रधानाध्यापक एक–तिहाई पनि छन् ?**

एउटा राजनीतिक दलका केही कार्यकर्ताले जनकपुरमा एकजना इन्जिनीयरलाई गाली–बेइज्जती गर्दै अपमानपूर्ण तरीकाले बजार परिक्रमा गराए । यस कामको धेरै आलोचना भयो । आन्दोलन पनि भयो । दोषीलाई कारबाही गर्नुपर्ने माग राखेर पहाडको पनि धेरै ठाउँमा आन्दोलन भयो ।

काठमाडौंको एउटा विद्यालय/कलेजको बाथरूममा एकजना विद्यार्थीको मृत्यु भयो । अक्सिजन नपुगेर बेहोश भएका विद्यार्थीको उपचारको क्रममा अस्पतालमा मृत्यु भयो । उक्त विद्यार्थीको घर रहेको गाउँठाउँमा खासै आन्दोलन भएन । जुन विद्यालय/कलेजमा पढिरहेका थिए, उक्त संस्थाका विद्यार्थीहरूले आन्दोलन गरे । आन्दोलनमा निकै जायज माग नै राखिएको थियो ।

यहाँ अपमान र मृत्युको कारण वा घटनाबारे होइन, आन्दोलनको सामाजिक पक्षबारे थोरै चर्चा गर्ने प्रयास गरिएको छ ।

संयोग मात्रै हो, जनकपुरमा अपमानित भएका कर्मचारी र काठमाडौंमा मृत्यु भएका विद्यार्थी दुवै रौतहटका हुन् । भिन्न गाउँ, भिन्न पालिका, भिन्न उमेर, भिन्न जाति, भिन्न पेशाका दुई रौतहटेलीको लागि भिन्न जिल्लामा भएका आन्दोलनले एउटा सङ्केत अवश्य दिएको छ कि अब समाज समावेशी वा समानताको दिशामा अग्रसर छ ।

अहिले नै हाम्रो समाजमा विभेद अन्त्य भइहाल्यो भन्ने होइन, तर नयाँ र सचेत पुस्तामा बिस्तारै नेपाली हुनुको बोध हुँदै गएको छ । देशभित्रको जुनसुकै भूगोलमा बस्ने र जुनसुकै समुदाय तथा जुनसुकै धर्मको मानिस भए पनि भूगोल, समुदाय र धर्मभन्दा नेपालका हुन्, नेपाली हुन् भन्ने दृष्टिकोण विकसित हुँदै जानुलाई राम्रो मान्नुपर्छ । यो स्पष्ट सङ्केत पनि हो कि अबको युगमा विभेदलाई बढावा दिनेहरूले आफ्नो स्वार्थको रोटी सेक्ने अवसर साँघुरो हुँदै गइरहेको छ ।

हो, संविधानले नै सकारात्मक विभेदलाई सम्मान गरेको छ । सकारात्मक विभेदको आधारमा समाजमा परिवर्तनको अपेक्षा गरिएको छ । कुनै निश्चित जाति भएकै कारण शोषण र पछौटेपन हुनुपर्ने अवस्थाको अन्त्य हुनु जरूरी छ । यसलाई विश्वले नै स्वीकार गरिरहेको छ । जहाँ अँध्यारो छ, जुनसुकै कारणले भए पनि, उज्यालो पुऱ्याउने प्रयास भइरहेको छ । पहिलो त अँध्यारो छ भन्ने कुरा चिनाउने काम भइरहेको छ, त्यसपछि किन अँध्यारो छ त्यो कुरा बुझ्ने प्रयास भएको छ र कसरी अँध्यारो हटाएर उज्यालो लैजान सकिन्छ भन्ने कुराको खोजी हुन थालेको छ । उज्यालोमा सबै बस्न पाऊन् र देश सबैको साझा हो भन्ने अनुभूति होओस् भन्नाका खातिर सकारात्मक विभेदलाई संविधानले सम्मान गरेको हुनुपर्छ । यही सकारात्मक विभेदको कार्यान्वयन भएदेखि बिस्तारै नेपाली समाज समानताको बाटोमा गएको देखिएको छ ।

रौतहटबाट काठमाडौंका लागि छुटेको बसमा रौतहटबाट चढेका यात्रु जसले पैसा तिरेर टिकट लिएका छन्, तिनलाई बाटोमा तथानाम गाली गर्दै बसेको सिटबाट उठाएर आफू बस्ने अनि आफूलाई नेपाली भन्ने तथा पहिलेदेखि टिकट किनेर बसेकालाई मधेसिया वा इन्डियन भनेर गाली गर्ने युग अब एकादेशको कथाजस्तो भइसक्यो । पहिलेदेखि नै पहाडका कुनाकुनामा शिक्षकको रूपमा मधेसीहरू पुगेकै थिए तर पछिल्लो समयमा जे जति पुगेका छन्, बोलाएर पुगेका छन् वा प्रतिस्पर्धाका आधारमा पुगेका छन् जसलाई सम्मानपूर्वक काम गर्न दिइएको छ । जसमा क्षमता छ, उसलाई सम्मानपूर्वक काम गर्न दिइएको छ, लगाइएको छ । पहाडी समुदायका मानिस सोही पेशामा मधेसका गाउँगाउँमा पनि छन्, एकदमै सम्मानका साथ छन् । हो, साँघुरो दृष्टिकोण भएका केही स्वार्थी मानिस हरेक समाजमा हुन्छन् । समय क्रममा यस्ता साँघुरो दृष्टिकोण भएका मानिस कम हुँदै जान्छन् र शिक्षा तथा चेतनाको आलोक विस्तार हुँदै जाँदा समानताको दृष्टिकोणको गोरेटोले अझ विस्तार पाउँदै जाने कुरामा दुईमत नहोला ।

अहिले काठमाडौं उपत्यकामा पनि विभिन्न मञ्चहरूमा वा सार्वजनिक ठाउँहरूमा विभिन्न समुदायका मानिस आफ्नो वेशभूषा र पहिरनमा देखिन्छन् । बाटोमा हिंड्दा वा कुनै सभा–समारोहमा जाँदा आफ्नो मातृभाषामा सजिलै कुराकानी गरिरहेका हुन्छन् । मोबाइल सेलमा पनि मज्जाले मातृभाषामा कुराकानी गरिरहेका हुन्छन् । दुई दशक पहिले यस्तो दृश्य सीमित परिवेशमा देख्न पाइन्थ्यो । आफ्नो मातृभाषामा कुराकानी गरिरहँदा त्यहाँ बाहिरी परिवेशले आफूलाई थिचिरहेको हो कि वा आफ्नो कुराकानीको लागि अनुकूल परिवेश नरहेको हो कि भन्ने लाग्दथ्यो । अलिकति अप्ठ्यारो मानेर कुराकानी गर्दथे । कसैले सुन्ला र नेपाली होइन भन्ला कि र त्यसपछि हेपिएला भन्ने मनोविज्ञान थियो । अहिले काठमाडौं देशको राजधानी सबै देशवासीको राजधानी बन्न पुगेको छ । सबै जातजाति, भाषाभाषी, धर्म–समुदायका मानिस राजधानीमा बसोवास गरिरहेका छन् र मज्जाले आफ्नो कर्म गरिरहेका छन् । विद्वेष, अपहेलना तथा हेपाइको मात्रा दिनानुदिन कम हुँदै जानुको अर्थ यो पनि हो कि अब देश समानताको दिशामा अग्रसर छ ।

विकसित देशहरूमा के सुनिन्छ भने कानूनको शासन हुन्छ, विधिको शासन हुन्छ । कानून उल्लङ्घन जसले गरे पनि यदि विशेषाधिकार प्राप्त छैन भने कानूनले तोकेको सजाय पाउँछ । यदि निरन्तर राम्रो काम गर्दै गएको छ भने विधि र प्रक्रिया अनुसार उचित पुरस्कार पनि पाउँछ ।

हाम्रो सन्दर्भमा यदि देशलाई विचार गर्ने हो भने अब हामी समानताको र समताको दिशामा अग्रसर त भएका छौं वा हुँदै गएका छौं, तर कतिपय अवस्थामा यसलाई बाध्यात्मक मानिएको छ । हुन त बाध्यतात्मक अवस्थाले पनि समाजमा सुधार हुन्छ, बिस्तारै हुन्छ, यदि हार्दिक हुन गयो भने धेरै राम्रो । माथि प्रस्तुत गरिएका दुई आन्दोलनका सन्दर्भ चाहिं प्रायोजित होइन, बाध्यात्मक होइन, हार्दिक हो । संविधानले महिला, मधेसी, आदिवासी, जनजाति अर्थात् पिछडिएको जात र समुदायलाई केही विशेषाधिकार दिएको छ । यस अधिकारमा मात्र सीमित पार्न खोज्नु पनि त्यति राम्रो होइन । यस प्रकारका अधिकार त तिनीहरूलाई मूलधारको समाजमा समावेश हुनको लागि प्रदान गरिएको हो । जबसम्म समाज सक्षम हुँदैन तबसम्म यस प्रकारका सकारात्मक विभेद जारी रहन्छ । यदि राम्ररी विचार गर्ने हो भने बालबालिकालाई देखेर मनमा स्वाभाविक प्रेम उठ्नु वा अलिकति पनि समस्यामा छन् भने स्वाभाविकरूपमा मनमा दयाभाव उत्पन्न हुनु पनि सकारात्मक विभेद नै हो । सकारात्मक विभेद नैसर्गिक हुन्छ, जन्मजात हुन्छ । जब ती बालबालिका ठूला हुन्छन् तब उनीहरूलाई सोही किसिमको समस्यामा देख्दछौं भने पहिलेजस्तो भाव मनमा आउँदैन । सकारात्मक विभेदले मानवलाई मानव बन्न मदत गर्दछ । समाजलाई सही दिशामा अग्रसर गराउन सहयोगी भूमिका विस्तार गर्दछ । तर अहिलेको संविधानले जसरी कल्पना गरेको छ, त्यसमा केही बाधा देखिएका छन् । उदाहरणको लागि मुख्यगरी राजनैतिक क्षेत्रमा निर्वाचित महिला जनप्रतिनिधिलाई आलङ्कारिक बनाइएको छ ।

महिला जनप्रतिनिधिलाई खासै काम गर्ने अवसर दिइएको छैन । महिलाहरूले अन्य क्षेत्रमा सफलतापूर्वक जिम्मेवारी सम्हालेका छन् तर राजनीतिक क्षेत्रमा अझै पनि समाज समानताको दिशामा अग्रसर छैन । महिलाको ठाउँमा वा महिलाको नाउँमा पुरुषले काम गरिरहेका छन् । पालिका प्रमुखमध्ये धेरै महिला छन् तर त्यहाँ पालिका प्रमुखको भूमिका वडाध्यक्षको तुलनामा निकै कम भएको देखिएको छ । अत्यधिक कम भएको पाइएको छ । कतिपय ठाउँमा महिला आफैं सक्षम छन् तर चर्चामा थोरै रहेको पाइएको छ, हैन भने अधिकांश उपप्रमुख आफैंले काम गर्नुभन्दा उनका पति वा छोराले गरेको निर्णय नै लागू हुन्छ । महिला उपप्रमुखले गरेको निर्णय लागू नहुने होइन, तर उनीहरूलाई निर्णय गर्न सक्षम बनाउने दिशामा समाज पछाडि परेको छ । महिलालाई जानीजानी पछाडि पारिएको छ । हेरौं न, कुनै पनि जिल्ला वा कुनै पनि पालिकामा महिला प्रधानाध्यापक एक–तिहाई पनि छन् ? नमूनाको लागि पनि यस्तो अवस्था सिर्जना गरिएको छैन, किन ? यसको खुलस्त जवाफ छ, जबसम्म बाध्यात्मक अवस्था आउँदैन, तबसम्म सकारात्मक विभेदको प्रयोजन समाजले बुझ्न सक्दैन ।

केही मात्रामा समाज अभ्यस्त बन्न थालेको छ । जमीनमाथि महिलाको अधिकार स्थापित हुँदै जानुमा एउटा कारण यो पनि छ कि महिलाको नाउँमा जग्गाजमीन पास गराउँदा केही प्रतिशत छुट पाइन्छ । हो, त्यो छुटको कारण धेरैले, चाहे विपन्न समुदायको होओस् वा सम्पन्न वर्गको, महिलाको नाउँमा पास गर्न राजी हुन्छ । यसैगरी सकारात्मक विभेदलाई सबै क्षेत्रमा कार्यान्वयन गर्नु आवश्यक छ र यसलाई कार्यान्वयन गर्ने हो भने केही मात्रामा भए पनि विशेष सुविधा दिनुपर्ने हुन्छ । महिला प्रमुख हुने कार्यालयको बजेटमा कम्तीमा पच्चीस प्रतिशत बढी दिने चलनको विकास गर्ने हो भने प्रारम्भमा प्राविधिकरूपले समाजले स्वीकार गर्दछ भने कालान्तरमा सोही कुरा हार्दिक वा स्वाभाविक हुन पुग्दछ । यसले गर्दा समाजमा धेरै कुरा स्वाभाविक सर्वस्वीकृत हुन पुग्दछ । यसको अर्थ यो पनि हो कि सकारात्मक विभेदले समाजलाई अझ समानताको दिशामा अग्रसर बनाउन सहयोग गर्दछ । अहिले केही क्षेत्रमा देखिएको सकारात्मक दृष्टिकोणलाई फराकिलो बनाउन जरूरी छ । यो आवश्यक छैन कि नकारात्मक दृष्टान्तबाटै सिक्न सकिन्छ, सकारात्मक उदाहरणले पनि आन्दोलनको रूप लिन सक्छ, अर्थात् निरन्तर सकारात्मक परिवर्तन पनि आफैंमा आन्दोलन हो र अबको समयमा सकारात्मक विभेदलाई समाज परिवर्तनको व्यावहारिक दिशामा अग्रसर गराउनु अझ वाञ्छनीय देखिएको छ ।

## पुनः वर्षा र हिमपातको सम्भावना

काठमाडौं, २१ पुस/रासस

पश्चिमी न्यून चापीय प्रणालीको



तस्वीरः रासस

प्रभावले बुधवार देशभर आंशिकदेखि सामान्य बदली रही सुदूरपश्चिम, कर्णाली तथा गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागमा हिमपात र केही ठाउँमा वर्षाको सम्भावना छ ।

उक्त प्रणालीको प्रभाव आगामी शनिवारसम्म कायम रहने जल तथा मौसम विज्ञान विभागका मौसमविद् समिर श्रेष्ठ जानकारी दिए । यो मौसमी प्रणालीका कारण हवाई क्षेत्र, पर्वतारोहण, कृषि, यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्न सक्ने देखिएकाले चीसोबाट बच्न र हिमपातबाट हुन सक्ने प्रभावबाट जोगिन आवश्यक सतर्कता अपनाउन मौसम पूर्वानुमान

(बाँकी अन्तिम पातामा)

## चोक-चोकमा दाउरा वितरण

बलिराम शुक्ला, बिरूवागुठी २१ पुस/

पर्सागढी नगरपालिका–३ आमोदेबि युवा स्पोर्ट्स क्लबले विभिन्न चोकमा दाउरा वितरण गरेको छ ।

अत्याधिक चीसो र शीतलहर बढेपछि सबडिभिजन वन कार्यालय बडनिहार र आमोदेवी क्लबको सक्रियतामा जङ्गलबाट कुकाठ ल्याई पकडिया, बडनिहारको ६ स्थानमा बाटोमा हिंड्ने बटुवाहरूको लागि

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नाम फेरिएर आएको पोस्तादानाको धमाधम जाँचपास

राधेश्याम पटेल, परवानीपुर, २१ पुस/

नेपालमा अफिमको बियाँ उम्रिने खालको पोस्तादाना आयात गरिएको चर्चा चलेसँगै वीरगंजमा फेरि १३ कन्टेनर दुई लाख ३८ हजार किलो अफिमको दाना (बियाँ) अर्थात् पोस्तादाना आइपुगेको छ। नेपालमा पोस्तादाना आयात भइरहेको खबर चलेसँगै आयातकर्ताले नाम परिवर्तन गरी पोस्तादाना मगाउन थालेको पुष्टि भएको छ। पहिले पोस्तादानालाई 'पप्पी सिड' भनेर आयात गरिन्थ्यो भने अहिले आयातकर्ताहरूले मव सिड भनेर आयात गरेको भेटिएको छ।

युरोपेली मुलुक टर्कीबाट विशाखापट्नम बन्दरगाह भएर रेलमार्गबाट १८ हजार किलो (१८ टन) १३ वटा कन्टेनर पोस्तादाना वीरगंज आइपुगेको छ। वीरगंजका व्यवसायी तेजकरण जैन सञ्चालक रहेको काठमाडौं उपत्यकाको कुवेर इक्जिमको नाममा ७ कन्टेनर र निजकै अर्को फर्म धनलक्ष्मी फूडको नाममा ६ कन्टेनर गरी कुल १३ कन्टेनर पोस्तादाना मवसिडको नाममा एक साताअघि वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयमा आइपुगेको स्रोतले जनाएको छ।

टर्कीको इहसानिये, अफ्योन काराहाइजेकस्थितको 'आस्पा गिडा सानाई टिक एएस' नामको निर्यातकर्ताले १४ कन्टेनर पोस्तादाना नेपाल पठाएको हो। यसअघि पनि पनि धनलक्ष्मी फूडले मव सिड भनेर आयात गरेको दुई कन्टेनर पोस्तादाना मङ्सिरको अन्तिम साता जाँचपास गराएको थियो। त्यसअघि व्यवसायी जैनकै कुबेर एक्जिमले आयात गरेको चार कन्टेनर अर्थात् ३ करोड ८५ लाख मूल्य बराबरको ७२ हजार किलो पोस्तादाना गैरकानुनी किसिमले छुट्टयाएको भन्सार कर्मचारी स्रोतको भनाइ छ। स्रोतका अनुसार आयातकर्ताले पप्पी सिडको उद्योग वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट अनुमति पाए तापनि मव सिड ल्याएर प्रज्ञापनपत्रमा पप्पी सिड भनेर नै जाँचपास गरेको बताएको छ।

'आयातकर्ताले जुन सामान आयातको लागि स्वीकृति पाएको हो, त्यही घोषणा गर्नुपर्छ, त्यही नामले जाँचपास हुनुपर्छ,' भन्सारका एकजना कर्मचारीले भने– तर सबै सेटिङमा काम भइरहेको छ। कसैले नजानून् कि पोस्तादाना आइरहेको छ भनेर पप्पी सिडलाई आयातकर्ताले मव सिड-भारतमा 'खसखस' पनि भनिन्छ, त्यो सामान ल्याइएको छ, भन्सार जाँचपासको बेला कर्मचारीले पप्पी सिड नै उल्लेख गरी जाँचपास गरिरहेका छन्।' भन्सार ऐन अनुसार यो गैरकानूनी कुरा भएको ती कर्मचारीले बताए।


तस्वीरः प्रतीक

**१३ कन्टेनरको मूल्य साढे १६ करोड**

पोस्तादाना प्रतिकिलो रु ५३४ रुपियाँको दरमा खरीद गरिएको आयातकर्ताले प्रज्ञापनपत्रमा घोषणा गरेका छन्। यसको हिसाबले १३ कन्टेनरको २ लाख ३८ हजार किलोको रु १२ करोड ५० लाख पर्न जान्छ। यसमा १० प्रतिशत भन्सार महसूल र त्यसपछि १३ प्रतिशत भ्याट जोड्दा करीब चार करोड राजस्व बुझाएपछि जाँचपास हुँदा साढे १६ करोड पुग्छ।

**भारतमा तेब्बर मोलमा बिक्री हुन्छ पोस्तादाना**

किलोको रु ५३४ मा खरीद गरिएको पोस्तादाना नेपाल आएपछि भाडा र अन्य खर्च जोडेर किलोको रु सात सय पर्न जान्छ। तर अधिकांश पोस्तादाना सीमावर्ती भारतीय बजारबाट तस्करी गराएर दिल्ली पुऱ्याउने गरिन्छ। वीरगंज नाका र काठमाडौंको त्रिभुवन विमानस्थलबाट यसअघि आयात गरिएको अधिकांश पोस्तादाना भारतीय बजारमैं तस्करी गराएर पुऱ्याउने काम भइरहेको स्रोतले बताएको छ। केही पोस्तादाना बीउ उमारेर अफिमखेती गर्न पनि राखिएको व्यवसायीको आशङ्का छ। रु सात सयमा खरीद गरेको पोस्तादाना भारतको दिल्लीमा रु २ हजार प्रतिकिलोमा बिक्री हुने गरेको स्रोतको दाबी छ। भारतमा पोस्तादानाको आयातमा प्रतिबन्ध छ। यही कारण ड्राइफुड्स भनेर नेपाल भित्रिने पोस्तादाना नेपालबाट चोरबाटो भारत गइरहेको छ।

**कर्मचारीले नै बनाइदिए लुपहोल**

ठूलो परिमाणमा पोस्तादाना भित्रिएको थाहा पाएपछि लागूऔषध नियन्त्रण ब्यूरोले अनुसन्धान गरिरहँदा पनि उम्रिने खालको पोस्तादाना आयात र जाँचपासमा सरकारी पक्ष गम्भीर नरहेको पाइएको छ। अन्तर्राष्ट्रिय कानून अनुसार उम्रिने खालको पोस्तादाना (बीउ) आयात गर्नुभन्दा पहिले संयुक्त राष्ट्रसङ्घमा रहेको अफिस अन ड्रग एन्ड क्राइम कार्यालय मातहतको नार्कोटिक्स कन्ट्रोल बोर्डबाट स्वीकृति लिनुपर्ने नियम छ। तर आयातकर्ताले उक्त संस्थाबाट अनुमति नलिएर नै आयात गरिरहेको भन्सार स्रोतको भनाइ छ। नेपालमा लागूऔषधबाहेक कुनै पनि सामान आयात गर्न छुट छ।

यसै कारण लागूऔषध नियन्त्रण ब्यूरोले आयातकर्तालाई कारबाईको दायरामा ल्याउन प्रशस्त आधार छन्। तर बिरुवा संरक्षण ऐन २०६४ अनुसार उम्रिने अफिमको दाना पोस्तादाना आयात गर्न नपाइने स्पष्ट व्यवस्था हुँदाहुँदै पनि आयातकर्ताले उक्त नीतिलाई लत्याउँदै आयात गरेको भन्दै सरकारले गैरकानूनी आयातलाई अङ्कुश लगाउनुका साथै कारबाई गर्न सक्छ।

**कसरी पत्ता लाग्यो आयातित अफिम दाना उम्रिने रहेछ भनेर ?**

वनस्पति विभागको रिपोर्टमा टर्कीबाट नेपाल आयात गरिएको पोस्तादाना खेती गर्न मिल्ने रहेको कागजातका आधारमा यो पुष्टि भएको हो। धनलक्ष्मी फूडले त्रिभुवन विमानस्थलबाट गत चैत ३१ गते आयात गरेको पोस्तादानाको केही बियाँको नमूना परीक्षण गर्दा बियामध्ये ९० प्रतिशत उम्रिन सक्ने भएकोले लागूऔषध नियन्त्रण ब्यूरोलाई अनुसन्धानमा तनाव भएको बताइन्छ। आयातकर्तालाई कारबाई गर्न नपाइने तर अर्कोतर्फ उक्त बीउ यदि ड्राइफूड्समा नभएर अवैध अफिमखेतीमा प्रयोग भयो भने त्यसको परिणाम के होला भनी नेपाली सुरक्षा अधिकारीहरूको दिमागमा चल्न थालेको छ। गत कात्तिक १६ गते विभागले ब्यूरोलाई बुझाएको रिपोर्टमा यी कुरा उल्लेख छन्। यसअघि ब्यूरोले केन्द्रीय प्रहरी विधि प्रयोगशाला र वाणिज्य विभाग मातहतको विधि विज्ञान प्रयोगशालामा पोस्तादानाको परीक्षण गर्दा लागूऔषध नभएको पुष्टि भएकोले आयात गर्न मिल्ने ती रिपोर्टहरूले छुट गरेको थियो।

**२ हजार टन स्वीकृतिमध्ये १३ लाख किलो आउन बाँकी**

यसअघिको सरकारका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले ठूलो आर्थिक चलखेलमा केही व्यवसायीहरूलाई आर्थिक वर्षको अन्तिम समयमा दुई हजार टन पोस्तादाना आयातको स्वीकृति दिन लगाएका थिए। पोस्तादानाको आयातलाई पछिल्ला केही सरकारले बन्द नै राखे पनि पूर्वमन्त्री भट्टले पूर्वी नेपाल र वीरगंजका व्यवसायीहरूलाई कोटा वितरण गरेका थिए। त्यसमध्ये करीब सात लाख किलो नेपाल आइसकेको छ। २ लाख ३८ हजार किलो सुक्खा बन्दरगाहमा जाँचपासको क्रममा छ भने करीब ४ लाख ६० हजार किलो पोस्तादाना भन्सार जाँचपास भएर नेपाल छिरिसकेको छ। कुल २ हजार टनमध्ये सात सय टन आएपछि अब १३ सय टन नेपाल आउन बाँकी छ।

# 'सामाजिक सञ्जाललाई समाज परिवर्तनमा उपयोग गरौं'

म्याग्दी, २१ पुस/रासस

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सामाजिक सञ्जालको विवेकशील प्रयोग गर्न आग्रह गरेका छ। नेपाल पत्रकार महासङ्घ म्याग्दी शाखाको संयोजनमा बुधवार बेनीमा भएको पत्रकारिता आचारसंहिता जागरण अभियान कार्यक्रमलाई सम्बोधन गर्दै उनले सामाजिक सञ्जाललाई समाज परिवर्तनको साधनका रूपमा उपयोग गर्नुपर्ने धारणा राखे।


पत्रकार आचारसंहिता जागरण कार्यक्रममा सहभागीहरू। तस्वीरः रासस

"दर्ता भएका पत्रकारिता, रेडियो, टेलिभिजन र अनलाइनका सामाजिक सञ्जाललाई प्रेस काउन्सिलले अनुगमन गर्छ," उनले भने "प्रविधिको विकाससँगै पाएको सुविधालाई धनआर्जन गर्ने मात्र नभइ समाजमा सकारात्मक सुधारको माध्यम बनाउन आवश्यक छ।"

कार्यक्रममा सहभागी स्थानीय सञ्चार माध्यमका प्रतिनिधिले वर्गीकरण नजिता नआउँदा पछिल्लो अवधिमा सञ्चालनमा आएका पत्रपत्रिकाले राज्यले दिने लोककल्याणकारी विज्ञापनबाट वञ्चित हुनुपरेको गुनासो गरेका थिए। काउन्सिलका सदस्य दुर्गा भण्डारीले नयाँ सञ्चार माध्यम र प्रविधिको विकाससँगै थपिएको पत्रकार आचारसंहिता पालनाको चुनौती घटाउन देशव्यापी जागरण अभियान सञ्चालन गरिएको बताए।

काउन्सिलका अनुगमनकर्ता गीता कठायतले देशभरका पत्रपत्रिका, पत्रकार महासङ्घ म्याग्दीका संस्थापक अध्यक्ष घनश्याम खड्काले म्याग्दी र अग्रज पत्रकार पुण्य पौडेलले प्रदेशका सञ्चार माध्यम र पत्रकारको आचारसंहिता पालनाको अवस्थाको वारेमा सहजिकरण गरेका थियो।

प्रमुख जिल्ला अधिकारी चिरञ्जिवी रानाले पत्रकारितालाई तत्थ्यपरक र विश्वसनीय बनाउन सूचनाको हकको उपयोग गर्न सुझाव दिए। प्रहरी नायब उपरीक्षक श्यामकुमार राइले समाचारले अनुसन्धानलाई असफल बनाउन र अदालती पक्रियामा असर पुग्न नहुनेतर्फ सचेत रहनुपर्ने बताए।

जिल्ला हुलाक अधिकृत साधनाकुमारी श्रेष्ठले लोककल्याणकारी विज्ञापन प्रकाशनबापतको भुक्तानी जिल्लाबाटै गर्न थालिएको जानकारी दिए। म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवाल र गैरसरकारी संस्था महासङ्घका अध्यक्ष दीपक पौडेलले जिल्लाका पत्रकार आचारसंहिताको विषयमा संवेदनशील रहेको बताए।

कार्यक्रममा ४० सञ्चारकर्मीले भाग लिएका महासङ्घ म्याग्दी शाखाका सचिव सन्तोष गौतमले जानकारी दिए।

# ऐतिहासिक तोप-गोला ५० वर्षपछि पुनर्स्थापना

कर्णाली, २१ पुस/रासस

दैलेखको इतिहाससँग जोडिएका सैनिक तोप र गोला ५० वर्षपछि पुनः दैलेखमै फर्काइएको छ। विसं २०२८ मा दैलेख कोतगढीमा रहेको ज्वाला दल गण सुर्खेत सारिएसँगै यहाँ ल्याइएका तोप–गोला बुधवार फर्काइएको नेपाली सेनाको पश्चिम कमान्डले जनाएको छ।


पूजा गरिएको तोप र ८१ थान गोला दैलेख लगिएको छ। तस्वीरः रासस

सुर्खेतको राजदल गणमा राखिएका 'सुन्दरी' नामकतोप र ८१ थान गोला दैलेख काँडाचौरस्थित इनद्रदल गुल्मका गुल्मपति सेनानी दिनेश लामालाई हस्तान्तरण गरिएको थियो। आज बिहान फलाँटेस्थित तालिम केन्द्रमा पूजापाठ गरी सैनिक गाडीमा राखेर तोप–गोला दैलेख पुऱ्याइएको हो। इनद्रदल गुल्मका गुल्मपति लामाले हाल तोप र गोला काँडाचौरस्थित गुल्ममै राखिने बताउँदै भने, "कोतगढीमा तोपघर निर्माण पूरा नहुञ्जेल सैन्य सामग्री काँडाचौर ब्यारेकमै राखिनेछ।" दैलेख सदरमुकामस्थित पुरातात्विक सम्पदा कोतगढी नेपाली सेनाको स्वामित्वमा छ।

नारायण नगरपालिकाले कोतगढीको पर्यटकीय विकासका लागि तोप घर निर्माण गरिरहेको छ। नारायण नगरपालिका र इनद्रदल गुल्मले जङ्गी अड्डासमक्ष तोप र गोला दैलेखमा पुनर्स्थापना गर्न माग गर्दै आएका थिए। बुढापाकाका भनाइमा २०२८ सालमा दैलेखमा भोकमरीका कारण सैनिक गण नै सुर्खेत सार्नुपरेको थियो। जिल्लामा खाद्यान्न अभाव भई भोकमरीको अवस्था सिर्जना हुनु र तराईबाट खाद्यान्न ढुवानी गर्न सडक तथा अन्य वैकल्पिक ढुवानीका साधन नहुँदा सरकारले कोतगढीमा बस्दै आएको गण सुर्खेत सारेको थियो।

सैनिक गणसँगै सुन्दरी, अर्गा तोपका साथै परम्परागत गोला बारुद पनि सुर्खेत ल्याइएको थियो। पित्तल धातुको सुन्दरी तोप विसं १८४६ ताका बनेको बताइन्छ। नारायण–१ का अध्यक्ष तीर्थनारायण श्रेष्ठले दैलेखको इतिहाससँग जोडिएका तोप–गोलाको पुनर्स्थापनाले जिल्लाको पर्यटन विकासमा मद्दत पुग्ने बताए।

उनले ऐतिहासिक कोतगढीमा तोप गोला राख्न आवश्यक पूर्वाधार निर्माण भइरहेको जानकारी दिए। "यो नेपाली सेनाको मात्रै होइन, हाम्रो जिल्लाकै अमूल्य सम्पति हो", उनले भने, "सेनासँग सहकार्य गरेर कोतगढीमा संरक्षण र सम्वर्द्धन नगरपालिकाले गर्नेछ, त्यसका लागि पूर्वाधारको व्यवस्थापनको काम भइरहेको छ।"

## बढ्यो सुनको मूल्य

काठमाडौं, २१ पुस (रासस):

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु ६०० ले उकालो लागेको छ।

अघिल्लो दिन प्रतितोला रु ९२ हजार २०० मा कारोबार भएको पहेंलो धातुको मूल्य बुधवार प्रतितोला रु ९२ हजार ८०० तोकिएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार तेजाबी सुनको आजको मूल्य प्रतितोला रु ९२ हजार ३०० कायम गरिएको छ। मङ्गलवार यसको मूल्य प्रतितोला ९१ हजार ७०० रहेको थियो।

त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोवार मूल्यका तुलनामा प्रतितोला रु १० ले बढेर रु एक हजार २६० पुगेको महासङघले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुनचाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ। अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ८१५ डलर आसपास कारोबार भइरहेको छ।

# दुईवटा मोटरसाइकल चोरी गर्दा तीनजना पक्राउ

प्रस, वीरगंज, २१ पुस/

वीरगंज महानगरपालिका–१५ शिरोमणि टोल अन्तर्गत सडकपेटीमा पार्किङ गरिराखिएको मोटरसाइकल चोरी गरी भाग्ने क्रममा हिजो मङ्गलवार दुईजना चोर पक्राउ परेका छन्।


तस्वीर सौजन्यः जिप्रका, पर्सा

सिम्रौनगढ–४ निवासी हाल वीमनपा–१५ बस्ने आर्यन गुप्ताको मोटरसाइकल चोरी गर्ने क्रममा उनीहरूलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा वीमनपा–१५ निवासी २० वर्षीय अवधेश महतो र सोही ठाउँ निवासी सुवास तिवारी रहेको प्रहरीले जनाएको छ।

यस्तै, मोटरसाइकलधनी दीलिप पाण्डेको घण्टाघरनजीक पार्किङ गरिराखेको मोटरसाइकल चोरी गरिरहेको अवस्थामा त्यहाँ खटिएका प्रहरीले एकजना चोरलाई पक्राउ गरेको छ।

पक्राउ परेका १९ वर्षीय सबिन चौधरी कोल्हवी नपा–९ निवासी हुन्। पक्राउ परेका तीनैजनालाई प्रहरीले जिल्ला अदालतबाट पाँच दिन म्याद थप गरी अनुसन्धान भइरहेको जनाएको छ।

# नेतालाई आधारभूत सेवा दिनु सरकारको कर्तव्य हो –प्रधानमन्त्री देउवा

काठमाडौं, २१ पुस/रासस

प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले जनतालाई निर्देशन दिंदै प्रधानमन्त्री देउवाले भ्रष्टाचार नियन्त्रण गर्न सबै सचेत रहेको र यसलाई नियन्त्रण गर्न सबैको सहयोगको सल्लाह गरेर अघि बढ्न निर्देशन दिए। राष्ट्रिय गौरवका आयोजनामा अपेक्षित प्रगति हुन नसकेको बताउँदै उनले



तस्वीरः रासस

प्रभावकारी रूपमा आधारभूत सेवा उपलब्ध गराउनु सरकारको कर्तव्य भएको बताउँदै यसमा लाग्न सबैलाई आग्रह गरेका छन्।

सरकारको साझा न्यूनतम कार्यक्रमको कार्यान्वयन, विकास प्राथमिकता चालु आर्थिक वर्षको पाँच महिनाको प्रगति र सुशासन प्रवर्द्धन सम्बन्धमा नेपाल सरकारका सबै मन्त्री र सचिवलाई निर्देशन दिँदै बुधवार उनले सो कुरा बताए।

जाडो बढेसँगै हिमपात र शीतलहरले जनजीवन प्रभावित भएको उल्लेख गर्दै उनले जनतालाई आवश्यक सेवा प्रदान गर्न निर्देशन दिए। साथै प्रधानमन्त्री देउवाले कृषिप्रधान मुलुकमा मलखाद र बीउको कुनै कमी हुन नदिनसमेत आग्रह गरे।

विकास निर्माण र जनतालाई सेवा दिने काममा अवरोधका रूपमा देखिने कानुनी समस्या समाधानका लागि लाग्न अपेक्षा गरे। मुलुक जलस्रोतको अपार भण्डारण भएकाले लगानीकर्तालाई आकर्षित गरेर बढीभन्दा बढी जलविद्युत् उत्पादन गरी निर्यात गर्न सकिनेमा उनको जोड थियो।

प्रधानमन्त्री देउवाले भने, 'मुलुक अहिले धेरै किसिमले समस्यामा छ, कोभिड–१९ ले पनि ठूलो समस्या ल्याएको छ। बेमौसमी वर्षा र बाढी धेरै क्षति पुऱ्याएको छ। विपक्षी पार्टीले संसद् सुचारु गर्न नदिएर अर्को समस्या खडा गरेको छ।

यसले संसद्मा महत्वपूर्ण विषयमा गर्नुपर्ने छलफल हुन सकेको छैन। संसद्मा होहल्लाका बीचमा कतिपय कुरा पास गरेका छौं, त्यो उचित त होइन तैपनि गर्नुपर्ने बाध्यता छ।'

विकास निर्माणमा कार्यान्वयको समस्या पुरानै रहेको बताउँदै उनले समाधानका लागि विकासे मन्त्रालय र अर्थ मन्त्रालयबीच निरन्तर छलफल र सम्बन्धीत निकायलाई ध्यान दिन निर्देशन दिए।

कोभिड–१९ का बेला सरकारले धेरै महत्वपूर्ण निर्णय गरेको जानकारी गराउँदै उनले निश्शुल्करूपमा कोभिडविरुद्धको खोप वितरण गर्ने नीतिले सफलता हासिल गरेको बताए। अझै पनि यसलाई प्राथमिकताका साथ अघि बढाउन निर्देशन दिँदै उनले खोप सहयोग गर्ने मुलुक तथा बहुपक्षीय निकायलाई धन्यवादसमेत दिए।

'सबैभन्दा महत्वपूर्ण कुरा भनेको जनताको जीवन हो। सबैको जीवन बचाउनुछ। अझै पनि कोभिडको समस्या हुन सक्छ। त्यसकारण प्राथमिकतामा राखेर खोपको मात्रा बढाउनुछ। कुनै पनि व्यक्ति खोपबाट वञ्चित हुन नपरोस्। खोपका सम्बन्धमा जनतालाई अझै सचेतना कार्यक्रम गर्नुपर्ने आवश्यकता पनि मैले देखेको छु', प्रधानमन्त्री देउवाले भने।

उनले निकट भविष्यमै तीनैतहका निर्वाचन गर्नुपर्ने भन्दै आयोगलाई सरकारले सक्दो सहयोग गर्ने बताए। निश्पक्ष, विश्वसनीय र भरपर्दो निर्वाचनका लागि सबैले लाग्नुपर्नेमा जोड दिँदै निर्वाचनमा सत्ता गठबन्धनले आपसी तालमेल गर्दै जाने विश्वास व्यक्त गरे।

कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माले मुलुकको अर्थव्यवस्थाको पछिल्लो तथ्याङ्क र अवस्थाबारे अवगत गराउँदै नीतिगत सुधार, संस्थागत संरचनाको क्षमता अभिवृद्धि, ढिलासुस्तीको अन्त्य, विकासको बाधक बनेका कानुनी पक्ष हटाउन सबै मन्त्रालय र निकायबीच समन्वयको खाँचो रहेकामा जोड दिए।

यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतका राज्यमन्त्री उमेश श्रेष्ठले वर्तमान सरकार गठनपछि हासिल भएका उपलब्धिबारे बताउँदै सरकारले सुशासन र विकासका लागि थुप्रै नीतिगत र संस्थागत कार्यक्रम अघि बढाएको जानकारी गराए।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले विकास आयोजनाका प्रगती र चुनौतीबारे अवगत गराउँदै जलवायु परिवर्तनको असरले आगामी दिनमा पूर्वाधार विकासमा थपिने चुनौतीका सम्बन्धमा ध्यानाकर्षण गराए। नेपाल सरकारका मुख्यसचिव शङ्करदास बैरागीले सरकारले विकास निर्माण र जनतालाई पुऱ्याउनुपर्ने सेवाका सम्बन्धमा भएका कामकारबाहीबारे बताउँदै राजनीति र प्रशासन एक अर्काका परिपूरक भएकाले विश्वास, सहकार्य र समन्वयका साथ अघि बढ्नुपर्ने धारणा व्यक्त गरे।

प्रधानमन्त्री कार्यालयका सचिव लक्ष्मण अर्यालले चालु वर्षको विकास आयोजना तथा कार्यक्रम कार्यान्वयनको व्यवस्था बारे प्रस्तुतीकरण गरेका थिए। कार्यक्रममा नेपाल सरकारका मन्त्री, सचिव, विभिन्न निकायका प्रमुखलगायतको उपस्थिति थियो।

# कोरोना भाइरस : ४३५ सङ्क्रमित

काठमाडौं, २१ पुस/रासस

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमण ४३५ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधवार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा सङ्गीताकौशल मिश्राले १० हजार २६७




जनाको परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण देखिएको जानकारी दिए।

उनका अनुसार अहिलेसम्म पाँच हजार २२५ जना सक्रिय सङ्क्रमित रहेका छन्। पछिल्लो समय थप २३९ जना कोरोनाबाट निको भएर घर फर्किएका उनले बताए। योसँगै निको हुनेको सङ्ख्या आठ लाख १३ हजार १७६ पुगेको छ। निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

यस्तै प्रवक्ता डा मिश्राले पछिल्लो २४ घण्टामा सङ्क्रमणबाट कसैको पनि निधन नभएको जानकारी दिए। अहिलेसम्म ११ हजार ६०१ जनाको सङ्क्रमणका कारणले निधन भएको छ। उनका अनुसार ५०० भन्दाबढी सङ्क्रमण भएको जिल्ला काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन्। यस्तै २०० भन्दाबढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली रहेका छन्। यस्तै शून्य सङ्क्रमित भएका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु रहेका छन्। नेपालमा सङ्क्रमण दर १७ प्रतिशत रहेको छ। हाल होम आइसोलेसनमा चार हजार ८५२, संस्थागत आइसोलेशनमा ३७३, आइसियुमा ८४ र भेन्टिलेटरमा १४ जनाको उपचार भइरहेको छ।

### साढे दुई लाखले खोप लगाए

मन्त्रालयका प्रवक्ता डा मिश्राले आज दुई लाख ४६ हजार ३८५ जनाले खोप लगाएको जानकारी दिए। अहिलेसम्म कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा एक करोड ४७ लाख १७ हजार २२६ जना र पूर्ण मात्रा एक करोड आठ लाख चार हजार ४१३ जनाले लगाइसकेका छन्।

### कोरोना सङ्क्रमणको असर : एक हजार बढी मुद्दा फछ्र्यौट हुन बाँकी

जिल्ला अदालत तनहुँमा एक हजार ७७ मुद्दा फछ्र्यौट हुन बाँकी रहेका छन्।

कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा न्यूनीकरणका लागि सरकारले लागू गरेको बन्दाबन्दी र निषेधाज्ञा कारण लामो समयसम्म बिदा हुँदा सो मुद्दा फछ्र्यौट हुन बाँकी रहेको अदालतले जनाएको छ।

कोरोना सङ्क्रमणको जोखिम कम भएपछि मुद्दा फछ्र्यौटमा तिव्रता आएको छ। गत वर्षको जिम्मेवारी सरेर आएका ९५९ र नयाँ दर्ता भएका ६१७ गरी कूल एक हजार ५७६ मुद्दामध्ये ४९९ फछ्र्यौट भएको जिल्ला अदालत तनहुँका सूचना अधिकारी हरिश्चन्द्र गौतमले जानकारी दिए।

उनका अनुसार ६ महिनाभित्रका ४१२, छ महिनादेखि बाऱ्ह महिनाभित्रका २८७, बाऱ्ह महिनादेखि अठार महिनाभित्रका १४४, दुई वर्ष नाघेका १३० र अठार महिनादेखि दुई वर्ष नाघेका १०४ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ। यसैगरी, ६ महिनाभित्रका २७१, छ महिनादेखि बाऱ्ह महिनाभित्रका १०२, बाऱ्ह महिनादेखि अठार महिनाभित्रका ३२, अठार महिनादेखि दुई वर्षभित्रका ४७ र दुई वर्ष नाघेका ४७ गरी ४९९ मुद्दा फछ्र्यौट भएको सो अदालतले जनाएको छ। पछिल्लो समयमा सम्बन्ध विच्छेदका मुद्दासमेत बढ्दै गएको सूचना अधिकारी गौतमले जानकारी दिए। रोजगारीको सिलसिलामा विदेशमा रहेका श्रीमान् स्वदेशमा आएपछि श्रीमान् श्रीमतीबीच सम्बन्धविच्छेद हुने गरेको उनको भनाइ छ।

त्यसैगरी, जिल्लामा जबरजस्ती करणीका मुद्दा पनि अत्यधिक मात्रामा दर्ता हुने गरेको उनले बताए।




छ दिनको लगातार शीतलहरपछि बुधवार बिहान ११ बजेदेखि घाम लागेपछि पर्साको ग्रामीण क्षेत्रका बडनिहार, मनवाबजार, बहुदरमाई नपाको डोकैला, पिपराचोक, सखुवाप्रसौनी, रङ्गपुर, पंचगावाँ बजारमा चहलपहल बढेको छ। बडनिहार बजारमा घामको आनन्द लिएर क्यारेमबोर्ड खेल्दै युवाहरू र पंचगावाँ बजारमा चौतारामा घाम ताप्दै महिलाहरू। तस्वीरः नरेश यादव

## फरक समाचार

# के तपाईंको सन्तानको हातखुट्टा बढी चीसो रहन्छ ?

जाडोमा तापमान घटेपछि मातापिता सन्तानको स्वास्थ्यप्रति चिन्तित हुन्छन्। चीसोको मौसममा बच्चाको शरीरमा धेरै समस्या हुन सक्छ जस्तै बच्चाको



हातखुट्टा सामान्यभन्दा बढी चीसो हुनु। जाडोमा शरीर चीसो हुनु साधारण समस्या लाग्न सक्छ तर शिशुको मातापिताले यसलाई ज्वरो वा जन्डिससँग जोडेर हेर्छन्। गूगल सर्च इन्जिनमा अहिले सबैभन्दा बढी सोधिने प्रश्नहरूमध्ये यो पनि हो– बच्चाको हातखुट्टा किन चीसो हुन्छ ?

लखनउको डफरिन अस्पतालका वरिष्ठ बालरोग विशेष डा सलमान खानले यसबारे बताएका छन्। ससाना बच्चाको हातखुट्टा प्रायः चीसोको मौसममा बढी नै चीसो हुन्छ। यसको पछाडिको कारण बच्चाको सर्कुलेशन सिस्टमले बाहिरी वातावरणको आदत बनाइरहेको हुन्छ, जसको कारण शरीरको गर्माहट कम हुन्छ, जसबाट बच्चाको हातखुट्टा चीसो हुन्छ। बच्चालाई न्यानो पारेर नराख्दा पनि यस्तो समस्या हुन्छ। हातखुट्टामा रक्त सञ्चारको कारण पनि यो समस्या हुन्छ। रक्त सञ्चार हात र खुट्टामा पुग्दापुग्दै कम हुन थाल्छ, जसले गर्दा उनीहरूको हातखुट्टा अन्य अङ्गभन्दा बढी चीसो लाग्छ। यस प्रक्रियाबाट डराउनु पर्दैन, तापमान घट्ने बित्तिकै केही सजिलो उपाय अपनाउनुपर्छ।

जाडो मौसममा यो एउटा सामान्य प्रक्रिया हो, जुन बच्चादेखि बूढासम्ममा हुन्छ। यस्तो भएपछि न्यानो कपडा लगाउने, आगो ताप्ने आदि गर्नुपर्छ। यदि ससाना बालक चीसोको कारण रोइरहेका छन् भने त्यति बेला बालरोग विशेषज्ञसँग भेटेर यस समस्याको हल खोज्नुपर्छ। साथै निम्न उपाय अपनाउन सकिन्छः

बच्चाको हातखुट्टाको मालिश गर्ने। मालिशबाट खुट्टा र औंलामा रक्त सञ्चार बढ्छ र आक्सिजन पनि सही ढङ्गले अङ्गमा पुग्छ। जसले गर्दा उनीहरूको हातखुट्टा तातो हुन्छ। सरसोको तेललाई मनतातो गरेर हलुका हातले मालिश गर्नुपर्छ। सातामा दुई तीनपटक मालिश गर्न सकिन्छ।

चीसो मौसममा बालबालिकाको हातखुट्टामा पञ्जा, मोजा लगाएर राख्नुपर्छ। शरीरमा चीसो हावा नपसोस् त्यसको लागि बाक्लो तर ज्यादै गऱ्हुँगो कपडा लगाउनु हुँदैन। ६ महीनाभन्दा बढी उमेरका बच्चालाई पर्याप्त मात्रामा पानी पिलाउनुपर्छ भने ६ महीनाभन्दा कम उमेरका बालबालिकालाई स्तनपान गराइरहनुपर्छ। जन्मेपछि बच्चाको पहिलो जाडो मौसम हो भने उसको नजीक थर्मामिटर राखेर शरीरको तापमान चेकजाँच गर्नुपर्छ। शरीरको तापमान सामान्यभन्दा बढी र कम भयो भने चिकित्सकसँग सल्लाह लिन सकिन्छ।

# सुगरफ्री फल र तरकारी

मधुमेहबाट अहिले धेरैजना ग्रसित छन्। मधुमेहको डर पनि धेरैलाई लाग्ने गर्छ। मधुमेह भएकाहरूले चिनी नभएको खाद्यान्न खान सल्लाह दिइन्छ। जसले गर्दा उनीहरूको शरीरमा ब्लड सुगर नियन्त्रित रहन्छ। हाम्रो वरपर केही फल र तरकारी छ जुन सुगर फ्रि हुनाले मधुमेहका रोगीले सेवन गर्न सक्छन्।

**एभोकाडोः** सुगर फ्री फल एभोकाडोमा चिनी र बोसो कम हुन्छ। यो फल



सेवन गर्दा मान्छेको शरीरमा चिनीको स्तर बढ्दैन। मधुमेहका बिरामीले निर्धक्क एभोकाडो सेवन गर्न सक्छन्।

**बन्दाः** बन्दाभित्र चिनी र वसा कम हुन्छ। साथै यसमा मैग्निशियम, सोडियम, आयरन, क्याल्शियम, भिटामिन ए, भिटामिन सी, के, ई आदि पोषक तत्त्व हुन्छ जसले स्वास्थ्यलाई राम्रो बनाउँछ।

**गोलभेंडाः** गोलभेंडामा भिटामिन ए, के, प्रोटीन, क्याल्शियम आदि पोषक तत्त्व हुन्छ जसले हाडलाई बलियो बनाउँछ। यो चिनीमुक्त खाद्य पदार्थ पनि हो। मधुमेहका रोगीले गोलभेंडा सेवन गर्न सक्छन्।

**ब्रोकाउलीः** ब्रोकाउली चीन र वसामुक्त मानिन्छ। यसमा क्याल्शियम, फास्फोरस, पोटासियम, भिटामिन ए, के, सी, डी आदि पोषक तत्त्व पाइन्छ जुन त्वचाको लागि निकै उपयोगी हुन्छ। मधुमेहका रोगीले ब्रोकाउली सेवन गर्दा कुनै घाटा हुँदैन।

**किवीः** किवीमा भिटामिन सीको साथसाथै चिनीको मात्रा निकै कम हुन्छ। यसमा अलग एन्टिइन्फ्लेमेटरी, एन्टिअक्सिडेन्ट, पोटाशियम, क्याल्शियम आदि पोषक तत्त्व पाइन्छ जसले स्वास्थ्य सम्बन्धी विभिन्न समस्या टाढा गर्छ।

**सुन्तलाः** सुन्तलामा भिटामिन सीका साथै चिनीको मात्रा निकै कम हुन्छ। मधुमेहका बिरामीले आफ्नो खानामा सुन्तला राख्नुपर्छ जुन स्वास्थ्यको लागि निकै उपयोगी हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## डेनमार्कमा ओमिक्रोनबाट १८ जनाको मृत्यु

कोपेनहेगन २१ पुस/सिन्हवा

डेनमार्कमा कोरोनाको ओमिक्रोन भेरिएन्टबाट कम्तीमा पनि १८ जनाको मृत्यु भएको बताइएको छ। यहाँका स्वास्थ्यकर्मीहरूले नोभेम्बर अन्तिमदेखि डिसेम्बर महीनाको अन्तिमसम्म यहाँ ओमिक्रोनबाट मात्र १८ जनाको मृत्यु भएको बताएका छन्।


तस्वीरः एएफपी

डेनमार्कसहित फ्रान्स, ग्रीस, पोर्चुगल, इटाली, बेलायतलगायत अन्य युरोपेली देशमा पछिल्ला हप्ताहरूमा उच्च सङ्ख्यामा सङ्क्रमित भेटिएका समाचार आइरहेको बताइएको छ। पछिल्ला दिनहरूमा क्रिसमस बिदा र नयाँ वर्षको पूर्वसन्ध्यामा मानिसहरूको जमघटका कारण पनि युरोपमा कोभिड तीव्र गतिमा फैलिएको बताइएको हो।

यता डेनमार्कमा भने ओमिक्रोनको सङ्क्रमण बढ्दै गएको अधिकारीहरूले जानकारी दिएका छन्।

**फ्रान्समा कोरोना महामारी शुरू भएयताकै सबैभन्दा बढी सङ्क्रमित**

पेरिस/सिन्हवा

फ्रान्सका स्वास्थ्य अधिकारीहरूले यहाँ ठूलो सङ्ख्यामा दैनिक कोभिड सङ्क्रमित भेटिने गरेको बताएका छन्। युरोपमा पछिल्ला दिनमा कोभिडको नयाँ भेरिएन्ट ओमिक्रोन फैलिएसँगै सङ्क्रमित सङ्ख्या पनि दिन प्रतिदिन बढ्दै गएको यहाँका अधिकारीरूले जनाएका छन्।

मङ्गलवार त्यसको पछिल्लो २४ घण्टामा फ्रान्समा २ लाख ७१ हजार ६८६ जनामा सङ्क्रमण देखिएको अधिकारीहरूले जनाएका छन्। यो सङ्ख्या फ्रान्समा कोभिडको महामारी शुरू भएयताकै सबैभन्दा धेरै भएको बताइएको छ। फ्रान्सबाहेक अन्य युरोपेली देश ग्रीस, पोर्चुगल, इटाली र बेलायतमा पनि अहिलेसम्मकै उच्च सङ्ख्यामा सङ्क्रमित भेटिएका समाचारहरू आइरहेका बताइएको छ।

पछिल्ला दिनहरूमा क्रिसमस बिदा र नयाँ वर्षको पूर्वसन्ध्यामा मानिसहरूको जमघटका कारण पनि युरोपमा कोभिड तीव्र गतिमा फैलिएको हो। साथै मङ्गलवार दिएको जानकारी अनुसार हाल त्यहाँ २० हजारभन्दा बढी व्यक्ति अस्पताल भर्ना भएका छन्। तीमध्ये तीन हजार ६०० भन्दा बढी आइसियुमा भर्ना भएका बताइएको छ।

कोभिडको पछिल्लो लहरले युरोपको स्वास्थ्य प्रणाली नै तहसनहस पार्न सक्ने विश्व स्वास्थ्य सङ्गठन(डब्लुएचओ) ले चेतावनी दिंदै आएको छ। जनवरीदेखि फ्रान्समा दैनिक सङ्क्रमितको सङ्ख्या दुई लाख ५० हजार नाघ्ने फ्रान्सका स्वास्थ्यमन्त्री ओलिभिअर भेरानले बताएका थिए।

सोही बमोजिम अहिले यहाँ कोभिडका सङ्क्रमतिहरू बढेको बताइएको छ। आगामी दिनमा फ्रान्सका अस्पताल कोभिडका बिरामीले भरिन सक्ने यहाँका चिकित्सकहरूले जनाएका छन्। फ्रान्सको सरकारले आफ्ना कर्मचारीहरूलाई गर्न मिल्ने काम घरबाटै गर्न निर्देशन दिएको छ। फ्रान्समा कोभिडको बुस्टर डोज लगाउने काम पनि जारी रहेको छ तर सङ्क्रमित भने बढेका छन्। रासस

## कजाकिस्तानमा मन्त्रिपरिषद् विघटन, सङ्कटकाल घोषणा


तस्वीरः एपी

कजाकिस्तान, २१ पुस/एएफपी

कजाकिस्तानका राष्ट्रपति कास्यम जोमार्त तोकायेभले मन्त्रिपरिषद् विघटन भएको घोषणा गरेका छन्। मध्य एशियाली मुलुक कजाकिस्तानमा देशव्यापी विरोध प्रदर्शन भइरहेपछि उनले बुधवार मन्त्रिपरिषद् नै विघटन गरेका हुन्।

विद्युत्को मूल्य वृद्धि भएपछि त्यसको विरोधमा केही समयदेखि देशव्यापी आन्दोलनका कार्यक्रमहरू भइरहेका थिए। उनले देशको सबैभन्दा ठूलो शहर तथा आर्थिक राजधानी अल्माटी र पश्चिमी प्रान्त माङगीस्टाउमा यसैका कासरण सङ्कटकाल लागू गरिएको घोषणा पनि गरेका छन्।

सङ्कटकाल लागू गरिएका दुवै शहर आन्दोलनकारीहरूको बढी प्रभाव रहेको शहर मानिन्छ। हजारौं आन्दोलनकारी सडकमा उत्रेर प्रधानमन्त्रीको राजीनामा माग गरेका थिए। प्रधानमन्त्री अस्कर मामिनले दिएको राजीनामा राष्ट्रपति तोकायेभले स्वीकृत गरेको राष्ट्रपति कार्यालयले जनाएको छ। नयाँ प्रधानमन्त्री नियुक्त नहुँदासम्म उपप्रधानमन्त्री अलिखान स्माइलोभले जिम्मेवारी सम्हाल्ने भएका छन्।

आन्दोलन दबाउन सरकारले मङ्गलवार अल्मातीमा अश्रुग्याँस प्रहार गरेको थियो। सरकारले घोषणा गरेको सङ्कटकाल यही जनवरी ५ देखि १९ सम्म कायम रहने छ। रासस

## उत्तर कोरियाद्वारा समुद्रमा ब्यालेस्टिक मिसाइल प्रहार

सोल २१ पुस/एएफपी

उत्तर कोरियाले बुधवार समुद्रमा ब्यालेस्टिक मिसाइल प्रहार गरेको दक्षिण कोरिया र जापानले जनाएका छन्। प्योङयाङले यस वर्ष यो पहिलोपटक प्रक्षेपण गरेको छ। उत्तरले कोरियाले प्रायद्वीपको पूर्वी समुद्रतर्फ स्थानीय समय अनुसार मङ्गलवार बिहान ८:१० बजे 'ब्यालेस्टिक मिसाइल' प्रहार गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ।

एक आपत्कालीन बैठकपछि दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा परिषद्ले मिसाइल परीक्षणप्रति चिन्ता व्यक्त गरेको राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। यसलाई सम्भावित ब्यालेस्टिक मिसाइल प्रक्षेपणको रूपमा वर्णन गरे पनि उत्तर कोरियाले गरेको लगातार क्षेप्यास्त्र प्रक्षेपण साँच्चै खेदजनक भएको जापानी प्रधानमन्त्री फुमियों किशिदाले बताएका छन्।

जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले पत्रकारहरूलाई अहिलेसम्म जापानी विमान र जहाजहरूमा क्षति पुगेको कुनै समाचार नआएको बताएका छन्।

यो प्रक्षेपण गत हप्ता किमको भाषणपछि भएको थियो जसमा उनले उत्तर कोरियाले आफ्नो सैन्य क्षमताको निर्माण जारी राख्ने बताएका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – कर्मप्राप्ति |
| मिथुन – प्रगति | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडाश्रम |
| तुला – यात्रालाभ | वृश्चिक – कडाश्रम |
| धनु – धनलाभ | मकर – विजय |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


पर्यटकीय स्थलको संरक्षण र प्रचार गरौं,
पर्यटक विकासमा सहयोग पुऱ्याऔं।

वीरगंज महानगरपालिका



**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## कटहरिया नगरपालिका

शिक्षक छनोट समिति
कटहरिया, रौतहट
प्रदेश नं. २ (नेपाल)

### विषय : शिक्षक पदपूर्तिसम्बन्धी सूचना- २०७८

(प्रथमपटक प्रकाशित मिति २०७८/०९/२१)

यस समितिको मिति २०७८/०९/१९ को निर्णय अनुसार यस नगरपालिकाका विभिन्न सामुदायिक विद्यालयहरूमा रिक्त रहेको शिक्षक, विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता, कार्यालय सहयोगीलगायतका सबै किसिमका अनुदान कोटाहरू र विद्यार्थी सङ्ख्यालगायत अन्य मापदण्डको आधारमा यस नगरपालिकाले थप गर्ने नपुग शिक्षक करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्य तथा इच्छुक उम्मेदवारहरूले तोकिएका शर्तहरू पूरा गरी यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र दरखास्त पेस गर्न सूचित गरिन्छ।

**तह : माध्यमिक**

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | सङ्ख्या | दरबन्दीको किसिम |
|---|---|---|---|---|---|
| १ | ०११/०७८/०७९ | शिक्षक | अङ्ग्रेजी | १ | साधारण |
| २ | ०१२/०७८/०७९ | शिक्षक | गणित | १ | राहत |
| ३ | ०१३/०७८/०७९ | शिक्षक | विज्ञान | २ | शिक्षण सहयोग अनुदान |
| ४ | ०१४/०७८/०७९ | शिक्षक | अङ्ग्रेजी | १ | शिक्षण सहयोग अनुदान |
| ५ | ०१५/०७८/०७९ | शिक्षक | अङ्ग्रेजी | १ | नगरपालिकाको स्रोत |
| ६ | ०१६/०७८/०७९ | शिक्षक | गणित | १ | नगरपालिकाको स्रोत |
| ७ | ०१७/०७८/०७९ | शिक्षक | नेपाली | १ | नगरपालिकाको स्रोत |
| ८ | ०१८/०७८/०७९ | शिक्षक | सामाजिक अध्ययन | १ | नगरपालिकाको स्रोत |

**तह : निम्न माध्यमिक**

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | सङ्ख्या | दरबन्दीको किसिम |
|---|---|---|---|---|---|
| १ | ०२१/०७८/०७९ | शिक्षक | सामाजिक शिक्षा | १ | साधारण |
| २ | ०२२/०७८/०७९ | शिक्षक | अङ्ग्रेजी | १ | शिक्षण सहयोग अनुदान |
| ३ | ०२३/०७८/०७९ | शिक्षक | विज्ञान | १ | शिक्षण सहयोग अनुदान |
| ४ | ०२४/०७८/०७९ | शिक्षक | अङ्ग्रेजी | ४ | नगरपालिकाको स्रोत |
| ५ | ०२५/०७८/०७९ | शिक्षक | नेपाली | २ | नगरपालिकाको स्रोत |
| ६ | ०२६/०७८/०७९ | शिक्षक | विज्ञान | ४ | नगरपालिकाको स्रोत |
| ७ | ०२७/०७८/०७९ | शिक्षक | सामाजिक शिक्षा | २ | नगरपालिकाको स्रोत |
| ८ | ०२८/०७८/०७९ | शिक्षक | गणित | १ | नगरपालिकाको स्रोत |

**तह : प्राथमिक**

| क्र.सं. | बिज्ञापन नं. | पद | सङ्ख्या | दरबन्दीको किसिम |
|---|---|---|---|---|
| १ | ०३१/०७८/०७९ | शिक्षक | २ | साधारण |
| २ | ०३२/०७८/०७९ | शिक्षक | १२ | नगरपालिकाको स्रोत |
| ३ | ०३३/०७८/०७९ | शिक्षक | २ | एकमुस्ट वार्षिक अनुदान |

**माध्यमिक विद्यालयतर्फ :**

| क्र.सं. | बिज्ञापन नं. | पद | सङ्ख्या | दरबन्दीको किसिम |
|---|---|---|---|---|
| १ | ०४१/०७८/०७९ | विद्यालय सहायक कर्मचारी | २ | अनुदान |

**विद्यालयतर्फ :**

| क्र.सं. | विज्ञापन नं. | पद | सङ्ख्या | दरबन्दीको किसिम |
|---|---|---|---|---|
| १ | ०५१/०७८/०७९ | बालविकास सहयोगी कार्यकार्ता | ६ | अनुदान/नगरपालिकाको स्रोत |

**विद्यालयतर्फ :**

| क्र.सं. | विज्ञापन नं. | पद | सङ्ख्या | दरबन्दीको किसिम |
|---|---|---|---|---|
| १ | ०६१/०७८/०७९ | कार्यालय सहयोगी (परिचर) | १ | अनुदान/नगरपालिकाको स्रोत |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

**(क) माध्यमिक तहको लागि**

- परीक्षा दिन चाहेको विषयको स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महीने तालीम लिएको।
- सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा दश महीने तालीमप्राप्त गरेको।
- शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालीम प्राप्त गरेको मानिनेछ। तर विज्ञान, अङ्ग्रेजी र गणित विषयमा स्नातक तह उत्तीर्ण गरी स्थायी अध्यापन अनुमतिपत्र लिएको व्यक्ति उम्मेदवार हुन सक्नेछन्।

**(ख) निम्न माध्यमिक तह**

- परीक्षा दिन चाहेको विषयको प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महीने तालीम लिएको।
- सामाजिक अध्ययन विषयको हकमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा दश महीने तालीम प्राप्त गरेको।
- दुई सय पूर्णाङ्कको शिक्षा विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालीम प्राप्त गरेको मानिनेछ।
- कक्षा १२ को विशेष शिक्षाको परीक्षा उत्तीर्ण गरेको योग्यतालाई प्रमाणपत्र तह वा सो सरह र तालीम दुवै मानिनेछ।

**(ग) प्राथमिक तहको लागि**

- प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महीने तालीम लिएको।
- विद्यालय सहायक कर्मचारी।
- प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको।

**(ङ) बालविकास सहयोगी कार्यकर्ता**

- माध्यमिक शिक्षा परीक्षा (SEE) SLC उत्तीर्ण गरेको।

**(च) विद्यालय सहयोगी**

- आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण गरेको।

**उम्मेदवारले परीक्षाका लागि आवेदन दिन सक्ने विषय**

निम्न माध्यमिक र माध्यमिक तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वा माथिल्लो तहको शैक्षिक योग्यता वा सो सरहको अन्य शैक्षिक योग्यतामा मूल विषय फरक–फरक लिएको भए त्यसमध्ये कुनै एक मूल विषयमा दरखास्त दिन पाइनेछ।

**उम्मेदवारको उमेर हद** : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

**परीक्षाको किसिम :** (क) लिखित परीक्षा (सामान्य र विषयगत) (ख) अन्तर्वार्ता

**सामान्य परीक्षा मिति :** २०७८/१०/०८ (बिहान ११:०० देखि १२:०० सम्म)

**परीक्षा केन्द्र :** पछि प्रकाशित गरिनेछ।

**परीक्षा दस्तुर :**
- माध्यमिक तहको लागि रु १०००/–
- निम्न माध्यमिक तहको लागि रु ७००/–
- प्राथमिक तहको लागि रु ५००/–

**दरखास्त दिने स्थान :** कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**दरखास्त दिने अन्तिम मिति :** २०७८ माघ ५ गतेसम्म

**सम्पर्क मिति :** २०७८/१०/०६ (कार्यालय समयभित्र)

**लिखित परीक्षा हुने मिति :** पछि प्रकाशित गरिनेछ।

**अन्तर्वार्ता :** लिखित परीक्षाको नतीजा प्रकाशनसँगै मिति, समय र स्थान तोकिनेछ।

**दरखास्त फारामसाथ अनिवार्यरूपमा पेस गर्नुपर्ने कागजातहरू**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित तहको शैक्षिक योग्यता र तालीमको प्रमाणपत्रहरूका प्रतिलिपि
- सम्बन्धित तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि

**दरखास्त फारामसाथ संलग्न कागजातहरू उम्मेदवार स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ।**

**विज्ञापनसम्बन्धी थप जानकारी :**

- सामान्य परीक्षामा उत्तीर्ण भएको उम्मेदवारलाई मात्र लिखित परीक्षाको विषयगत परीक्षामा सम्मिलित गराइनेछ।
- आवेदन दिन सक्ने अवधिभित्र कटहरिया नगर कार्यपालिकाबाट निर्णय भई आएमा पद थपघट हुन सक्नेछ।
- उपरोक्त सबै किसिमको शिक्षकको हकमा शिक्षक सेवा आयोगबाट निर्धारित पाठ्यक्रम लागू हुनेछ र विज्ञापन नं. ०४१/२०७८/०७९, ०५१/२०७८/०७९ र ०६१/२०७८/०७९ को पाठ्यक्रम यस न.पा. को शिक्षा, यूवा तथा खेलकूद शाखाबाट प्राप्त गर्न सकिनेछ।
- विज्ञापन नं. ०६१/२०७८/०७९ को हकमा मौखिक परीक्षा मात्र हुनेछ र सोको मिति पछि प्रकाशित गरिनेछ।

**बोधार्थ : श्री आई टी. शाखा (वेबसाइटमा सूचना प्रकाशित गरिदिनुहुन)** **प्रमुख प्रशासकीय अधिकृत**

# महानगरबाहेक चीसोको कारण सबै पालिकाको विद्यालय बन्द

प्रस, वीरगंज, २१ पुस/

वीरगंज महानगरपालिकाबाहेक पर्सा जिल्लाका प्रायः सबै पालिकाहरूले शीतलहर बढेसँगै चीसोको कारण विद्यालय बन्द गरेको छ।



त्रिजुद्ध मावि र प्रअ हरेन्द्र कुर्मी (इन्सेटमा)। तस्वीरः प्रतीक




नेपाल रेलवे मावि। तस्वीरः प्रतीक

पर्सागढी नगरपालिकाले पनि बुधवार सूचना जारी गर्दै विद्यालय बन्द गरेको छ। विगत ६ दिनदेखि जिल्लामा शीतलहर चलेर चीसो बढेर जनजीवन प्रभावित भएको थियो। बुधवार भने घाम लागेको छ। वीरगंज महानगरपालिका शैक्षिक प्रशासन महाशाखाले उपलब्ध गराएको तथ्याङ्क अनुसार महानगरमा १८८ वटा संस्थागत र ५६ वटा सामुदायिक विद्यालय छन्। महानगरमा रहेका विद्यालयहरूमध्ये संस्थागत विद्यालयले चीसोको कारण विद्यालय बन्द गर्नुपर्ने सिफारिस गरेकोले महानगरले बढ्दो चीसोमा विद्यालय बन्द गरेको छैन।

नेपाल शिक्षक महासङ्घ वीरगंज महानगरका संयोजक प्रदीप जयसवालले नगरप्रमुख विजयकुमार सरावगीलाई बढ्दो चीसोको कारण विद्यालय बन्द गर्न सिफारिस गर्दा नगरप्रमुखले संस्थागत विद्यालयहरूबाट यस्तो सिफारिस नआएकोले सामुदायिक विद्यालय बन्द गर्न नमिल्ने बताए। उनले संस्थागतबाट पनि विद्यालय बन्द गर्न सिफारिस आएको खण्डमा विचार गरिने बताए।

यसैबीच बढ्दो चीसोको कारण संस्थागत विद्यालयहरूमा भने एकाधबाहेक सबै विद्यालयहरूमा विद्यार्थी सङ्ख्या पूर्वतरूपमा रहेको छ।

त्रिजुद्ध महावीरप्रसाद रघुवीर राम माविका प्रअ हरेन्द्र कुर्मीले विद्यार्थीहरू न्यानो पहिरनका साथ आएको र आफ्नो विद्यालयमा विद्यार्थी नघटेको बताए। मौसम प्रतिकूल भए तापनि अध्यापन गराउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ। यस वर्ष शैक्षिकसत्र ढिलो सञ्चालन भएको र पाठ्यपुस्तक अनुसार पठनपाठन गर्नुपर्ने दायित्व भएको हुँदा शैक्षिक समस्या बढ्ने हुनाले विद्यालय बन्द नगरिएको बताए।

उनीजस्तै जवाफ नेपाल रेलवे माविका प्रअ मुनीलाल कर्णले पनि दिए। सो विद्यालयमा पनि चीसोको कारण विद्यार्थीहरू नघटेको कर्णले दावी गरे। उनले चीसोको कारण बिदा दिंदा पठनपाठनमा समस्या हुने र पाठयपुस्तक अनुसार अध्ययन पूरा नहुने बताए।

वीरगंज-२५ श्रीसिया आदर्शचोकमा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा भने आधाभन्दा बढी विद्यार्थी चीसोको कारण आउन छाडेका छन्। २०८ जना रहेको यो विद्यालयमा एक सातादेखि ८२ जनाभन्दा बढी विद्यार्थीहरू बढ्न सकेका छैनन्। एकजना शिक्षकले समग्रमा कक्षा ५ भन्दामुनिको विद्यार्थी सङ्ख्यामा कमी आएको तर त्यसभन्दा माथिका विद्यार्थीहरूको सङ्ख्यामा कमी नआएको बताए।

# राज्यमन्त्री कर्ण सवार गाडी दुर्घटना

प्रस, जनकपुरधाम, २१ पुस/

प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रूबीकुमारी कर्ण सवार गाडी ज.१झ ४०६ स्कार्पियो दुर्घटनामा परेको छ।

बुधवार साँझ छिन्नमस्ता गाउँपालिका-६ खुदीबखारी निवासी मुक्तिलाल मण्डलको हत्याबारे जानकारी लिन र परिवारलाई समवेदना प्रकट गर्दै फर्कने क्रममा दुर्घटनामा परेको उनका स्वकीय सचिव ध्रुवकुमार मण्डलले बताए।

गाडीमा राज्यमन्त्रीसँगै उनका स्वकीय सचिव मण्डल, सुरक्षा गार्ड प्रहरी हवल्दार तुलसीप्रसाद साह, चालक विकेश चौधरी, नेकपा माओवादीका जयप्रकाश चोधरी र प्रथमलाल राम सवार थिए।

सबैजना कुशल रहेको डा ज्ञानेन्द्र झाले बताए।

विष्णुपुर-७ नहरचोकनजीक सडक साँघुरो रहेको र गाडी मोड्ने क्रममा खेतमा पल्टिएर दुर्घटना भएको स्वकीय सचिव मण्डलले बताए।




जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं।
- आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## सिम्रौनगढमा क्रिकेट टुर्नामेन्ट, खिलाडीलाई सम्मान

## उद्घाटन खेलमा पटना क्रिकेट टीम विजयी

प्रस, सिम्रौनगढ, २१ पुस/

बारा, सिम्रौनगढ-६ स्थित फूलवारी खेलमैदानमा बुधवारदेखि क्रिकेट टुर्नामेन्ट शुरू भएको छ।



प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथि सिम्रौनगढ नगरपालिकाका मेयर विजयशङ्कर यादवले खेल देश र जीवनका लागि महत्त्वपूर्ण रहेको बताए। हाम्रो नपाबाट आदिल अन्सारी अन्तर्राष्ट्रिय क्रिकेट टीमका लागि चयन भएकोमा गर्वको कुरा भएको बताए। उनले नगरपालिकाभित्रका युवा क्रिकेटरहरूका लागि परीक्षणको व्यवस्था मिलाएको बताए। कार्यक्रममा नगरप्रमुख यादवले क्रिकेट खिलाडी आदिल अन्सारीलाई ५१ हजार रुपैयाँको चेकसहित दोसल्ला ओढाइ सम्मान गरेका थिए। शङ्करसाह कानुको अध्यक्षतामा शुरू भएको प्रतियोगिताको सञ्चालन शिक्षक अरबिन्द महतो नुनियाले गरेका थिए।

प्रतियोगिता उद्घाटन कार्यक्रममा नेका बारा क्षेत्र नं १ (ख)का मोहन कुशवाहा, नागेन्द्रप्रसाद गुप्ता, लोसपाका नेता शेख मोतिन, लोसपाका नेता परमानन्द मुखिया, महमुद आलम सिद्धिकी, सिम्रौनगढ नपा शिक्षा संयोजक नुराजम सिद्धिकी, इप्रका सिम्रौनगढका प्रहरी निरीक्षक दीपक सुवेदी, सशस्त्र बिओपी गोलागंजका प्रनि सागर मल्ललगायत सहभागी थिए।

बुधवार सम्पन्न म्याचमा भारतको पटना क्रिकेट मिलै बरियारपुर बजार बारालाई ४ विकेटले पराजित गरेको छ।

निर्धारित १० ओभरको खेलमा पहिले ब्याटिङ गर्दै बरियारपुरले ८ विकेटको क्षतिमा ८१ रन बनाएको थिउो।

निर्धारित ८२ रनको लक्ष्य पूरा गर्न उत्रेको भारतको पटना क्रिकेट टिमले चार विकेटको क्षतिमा म्याच जितेको थियो्। यस खेलको म्यान अफ दी मैच पटना क्रिकेट टिमका सन्दीप कुमार घोषित भए।

# छिपहरमाईमा नेकाको पदभार ग्रहण कार्यक्रम सम्पन्न

प्रस, वीरगंज, २१ पुस/

नेपाली काङ्ग्रेस छिपहरमाई गाउँपालिका वडा नं १ वडा कार्यसमितिको पदभार ग्रहण तथा प्रमाणपत्र वितरण कार्यक्रम बुधवार सम्पन्न भयो। सो पार्टी छिपहरमाई-१ का सभापति पाशुपतिनाथ गिरीको सभापतित्व र नेपाली काङ्ग्रेस पर्सा जिल्ला सदस्य नवीन सिंहको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा तरुण दलका पूर्व केन्द्रीय सदस्यसमेत रहेका नेता सिंहले आउने चुनाव पालिकादेखि तीनै तहमा नेपाली काङ्ग्रेसको जीत सुनिश्चित भएको बताए। "माहोल बनेको छ, जनता हाम्रो पक्षमा छ, उच्च मनोबलका साथ अगडि बढनुस्" नेता सिंहको भनाइ थियो। पर्सा जिल्लालगायत मुलुकमा नै नेपाली काङ्ग्रेसको पक्षमा नागरिक एकजुट रहेको भन्दै युवा नेता सिंहले कम्युनिस्ट र मधेसकेन्द्रीत दलहरूको असली चरित्र नागरिकले देखिसकेको बताए।

बितेको चुनावमा माओवादी र एमाले एक भएर लड्दा पनि समानुपातिक मत नेपाली काङ्ग्रेससँग बराबर रहेको तर्क गर्दै उनले काङ्ग्रेसबाहेकका दलहरू पद र पैसाका लागि फुटेर धुजाधुजा भएको बताए।



कार्यक्रममा बोल्दै नेका पर्सा जिल्ला सदस्य नवीन सिंह। तस्वीरः प्रतीक

सो अवसरमा वडा कार्यसमितिका पदाधिकारी सदस्य साथै क्षेत्रीय प्रतिनिधिहरूले पदभार ग्रहण गरेका थिए। कार्यक्रममा नेपाली काङ्ग्रेस महाधिवेशन प्रतिनिधि रामेश्वर महतो, वीरेन्द्र महतो, पर्सा क्षेत्र नं ४ (ख)का सभापति दिपेन्द्र सिंह, प्रदेश प्रतिनिधि जीतेन्द्र वर्मा, छिपहरमाई गाउँपालिका कमिटीका निवर्तमान संयोजक धुरेन्द्र साह, नेता वीरेन्द्र पटेल, सुरेन्द्र यादव, युवा नेता रूपेश उपाध्याय, रञ्जीत कुशवाहा, सो गाउँपालिका शिक्षक महासङ्घ अध्यक्ष गनदेव यादवलगायतको सहभागिता थियो।

# अनाथहरूलाई सुरक्षाकर्मीको सहयोग

प्रस, गरुडा, २१ पुस/

रौतहटको गरुडास्थित वंशीराम जयसवाल अनाथालयका बालबालिकालाई सुरक्षाकर्मीले सहयोग प्रदान गरेको छ।

शीतलहरले प्रभावित अनाथ बालबालिकालाई सुरक्षाकर्मीले आवश्यक सहयोग गरेको हो।

शीतलहरले प्रभावित बालबालिकालाई आगो ताप्न र शरीर न्यानो पार्नका लागि इलाका प्रहरी कार्यालय, गरुडाले दाउरा उपलब्ध गराएको छ।

दिनभर चल्ने चीसो हावा र घाम नलाग्नाले बाहिर निस्कनुपर्दा जाडोले कठ्याङ्ग्रिदै गरेका बालबालिकालाई केही न्यानो बनाउन इलाका प्रहरी कार्यालय, गरुडाले केही दिन बाल्न पुग्ने दाउराको व्यवस्था गरिदिएको हो।

इलाका प्रहरी कार्यालय, गरुडाको एउटा टोलीले अनाथालयमा नै दाउरा पुऱ्याएको अनाथालयका सञ्चालक हृदयनारायण कश्यपले जानकारी गराएका छन्।

यसैगरी, सुरक्षाकर्मी दीपक सिंहले व्यक्तिगत किसिमले पाँच जोर जुत्ता, ट्रयाकसुट टोपी र ट्राउजर सहयोग गरेको अनाथालय स्रोतको भनाइ छ।

**चोक-चोकमा दाउरा....**

आगो ताप्न दाउराको व्यवस्था गरिएको क्लबका अध्यक्ष शम्भुदास थारूले बताए।

अध्यक्ष थारूका अनुसार पहिलो चरणमा बढी भीडभाड हुने चोकमा दाउरा वितरण गरिएको र दोस्रो चरणमा गाउँ-गाउँमा दाउरा बितरण गरिने छ। आमोदेवी युवा स्पोर्ट्स क्लबले प्रत्येक वर्ष शीतलहरी तथा चीसो समयमा दाउरा वितरण गर्दै आएको छ।

**पुनः वर्षा.....**

महाशाखाले सबैमा अनुरोध गरेको छ।

हाल देशका अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रहेको छ। बिहीवार देशभर आंशिकदेखि सामान्य बदली भई देशका पहाडी भूभागमा हल्का वर्षाका साथै उच्च पहाडी भूभागमा हिमपातको सम्भावना छ। आइतवारदेखि यो प्रणाली कमजोर हुँदै मौसममा क्रमिकरूपमा सुधार हुने देखिएको विभागले जनाएको छ। आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम पाँच दशमलव आठ डिग्री र अधिकतम तापक्रम १८ दशमलव शून्य डिग्री सेल्सियस छ। आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम शून्य दशमलव पाँच डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम २३ दशमलव पाँच डिग्री सेल्सियस छ।